अनुसची - २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सगँ सम्बन्धित)

# कुमाख गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : संख्या : स्वीकृत मिति : २०८२/०२/२७ गते

प्रमाणिकरण मिति : २०८२/०२/२७ गते

**भाग-२**

**कुमाख गाउँपालिका**

# कुमाख गाउँपालिकाको ग्रामिण खानेपानी सेवा सहायता केन्द्र तथा मर्मत सम्भार र सञ्चालन कोष व्यवस्थापन र परिचालन कार्यविधि- २०८२

**प्रस्तावना:** यस कुमाख गाउँपालिका मा स्थापित सेवा सहायता केन्द्रबाट मर्मत सम्भार आवश्यक भएका आयोजनाको पहिचान, आयोजना मर्मत सम्भारका लागि सिफारिस र मर्मत सम्भार कोषको परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिहरु निर्धारण गर्न वाञ्छनीय भएकाले,

कुमाख गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन,, २०८२ को दफा ५० को कार्यान्वयनका लागि यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, कार्यक्षेत्र र प्रारम्भ:** (१) यो कार्यविधिको नाम “खानेपानी तथा सरसफाई योजना मर्मत संभार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२” रहने छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि प्रारम्भ

कुमाख गाउँपालिका

हुनेछ।

(३) यो कार्यविधि यस गाउँपालिका  क्षेत्रभित्र लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

(क) "उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धाराबाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागी नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

(ख) "उपभोक्ता समिति" भन्नाले यस गाउँपालिकाको  टोल र बस्ती क्षेत्रमा सञ्चालन हुने खानेपानी आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन तथा व्यवस्थापन गर्न बनेको संगठन भन्ने सम्झनु पर्दछ।

(ग) "ऐन," भन्नाले गाउँपालिकाको  खानेपानी, सरसफाई तथा स्वच्छता ऐन,, २०८२ सम्झनु पर्दछ।

(घ) "कार्ययोजना" भन्नाले गाउँपालिका  भित्र रहेका योजनाहरुको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि प्राविधिक विवरणहरुका आधारमा तयार गरिएको जिम्मेवारी सहितको सम्पत्ति व्यवस्थापन कार्ययोजना वा मर्मत सम्भार व्यवस्थापन कार्ययोजनालाई जनाउँछ।

(ङ) "केन्द्र" गाउँपालिका मा स्थापित खानेपानी सेवा सहायता केन्द्र सम्झनु पर्दछ।

(च) "ग्रामिण मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि उपभोक्ता समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ।

(छ) "मार्गदर्शन"  भन्नाले नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा जारी गरिएको ग्रामिण खानेपानी सेवा केन्द्र सञ्चालन मार्गदर्शन,२०८० सम्झनु पर्दछ।

(ज) "योजना" भन्नाले खानेपानी तथा सरसफाई योजनालाई जनाउँछ।

(झ) "सरोकारवाला" भन्नाले खानेपानी प्रणाली सँग सम्बन्धित आन्तरिक तथा बाह्य सरोकारवालाहरुलाई जनाउंछ।

(ञ) "समिति" भन्नाले ऐन,को दफा ३१ अनुसार गठित खानेपानी सरसफाई तथा स्वच्छता (वास) व्यवस्थापन समितिलाई नै जनाउँछ।

## परिच्छेद २

## मर्मत सम्भार कोष व्यवस्थापन समिति

३. **मर्मत सम्भार कोष व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**: मर्मत सम्भार कोषको सञ्चालन तथा व्यवस्थापन ऐन, २०८० को दफा १० बमोजिमको देहायको समितिले गर्नेछ।

(क) गाउँपालिका गाउँ प्रमुख -संयोजक

(ख) गाउँपालिका उप—प्रमुख -सदस्य

(ग) गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (वाश) इकाई प्रमुख -सदस्य

(घ) गाउँपालिकाको प्राबिधिक शाखा प्रमुख/सिभिल इन्जीनियर एक जना -सदस्य

(ङ) गाउँपालिका मा कार्यरत विकास साझेदार संस्थाबाट एक जना प्रतिनिधि -सदस्य

(च) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

४. **समितिको काम कर्तव्य र अधिकार**: दफा ३ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्;

(क) गाउँपालिका मा खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्कको व्यवस्थापन गरी अध्यावधिक गर्ने, गराउने।

(ख) अनुगमन तथा मूल्याङ्गन पद्धति स्थापना गरी खानेपानी तथा सरसफाई योजनाहरुको मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सञ्चालनको व्यवस्थापनमा आवश्यक सहयोग गर्ने,

(घ) मर्मत सम्भार तथा सञ्चालन कोष बृद्धि गराउन सम्बन्धित सरोकारवालाहरुलाई प्रोत्साहित गर्ने,

(ङ) स्वीकृत कार्ययोजनाका आधारमा मर्मत संभार गर्नु पर्ने क्षेत्रहरुको पहिचान गरी निश्चित मापदण्ड तयार गरी सो अनुसार प्राथमिकाकरण गर्ने।

कुमाख गाउँपालिका

(च) सम्बन्धित योजनाको मर्मत सम्भार तथा सञ्चालनको व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने,

(छ) बिभिन्न विकास साझेदार तथा संघ र प्रदेश सरकारसँग भएका सम्झौता, मार्गदर्शनको कार्यान्वयनका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ज) मर्मत सम्भार तथा सञ्चालन कोषको छुट्टै वित्तिय विवरण तयार गरी सोको आन्तरिक लेखापरिक्षण गराउने,

(झ) अर्धवार्षिक रुपमा मर्मत सम्भार तथा सञ्चालन कोषको व्यवस्थापनको प्रगति विवरण तयार गरी यसको वार्षिक समिक्षा प्रतिवेदन तथा सोसंग सम्बन्धित वित्तिय विवरणहरु समेत तयार गरी, गराई गाउँपालिका मा पेश गर्ने।

(ञ) केन्द्रको प्राविधिक सहयोगमा तयार गरेको मर्मत सम्भार सम्बन्धि प्राविधिक विवरण तथा खानेपानी प्रणालीसंग सम्बन्धित अनुमानित बजेटलाई अनुमोदान गर्ने।

(ट) मर्मत सम्भार व्यवस्थापन समितिले केन्द्रसंगको समन्वयमा उपभोक्ता समिति, गाउँपालिका , प्रदेश सरकार वा संघीय सरकार कसको उत्तरदायित्व के हो यकिन गरी मर्मत सम्भार कोषको उपयुक्त व्यवस्थापन गर्नेछ।

५. **<u>व्यवस्थापन समितिको बैठक तथा अन्य व्यवस्था</u>**: (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठक कम्तिमा २ महिनामा एक पटक वा आवश्यकता बमोजिम बस्नेछ।

(२) समितिको बैठकमा आवश्यकता अनुसार खानेपानी क्षेत्रमा सहकार्य गर्नका लागि विषय विज्ञ, सरोकारवाला सामाजिक संस्था, विकास साझेदारका थप प्रतिनिधि वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

६. **<u>प्राविधिक टोली वा कार्यदल गठन गर्न सक्ने</u>:** मर्मत सम्भार कार्यका सम्बन्धमा बिशेष अध्ययन गर्न आवश्यक भएमा समितिले एक प्राविधिक टोली वा कार्यदल गठन गर्न सकिनेछ।

७. **<u>वडा समितिको दायित्व</u>**: वडा भित्रको खानेपानी प्रणालीको मर्मत सम्भार सम्बन्धी कार्यमा उपभोक्ता समितिको लागत साझेदारीको सुनिश्चिता गराउने, उपभोक्ता परिचालन गर्ने गराउने

कमलगाउँपालिका

कार्यमा सहजीकरण, तथ्यांक व्यवस्थापन, गाउँपालिका स्तरीय समितिलाई आवश्यक सुझाव तथा सिफारिस गर्ने दायित्व वडा समितिको हुनेछ।

**आज्ञाले,**
**दिलिप कुमार सोनी**
**प्रमुख प्रशासकीय अधिकृत**

कुमाख गाउँपालिका